श्री

कास्की जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री नीतिज राई

आदेश

मुद्दा नं.०८१-C१-०४३५

कृष्णप्रसाद जैसी समेतको जाहेरीले नेपाल सरकार........................................................... वादी

विरुद्ध

छविलाल जोशी समेत........................................................................................ प्रतिवादी

मुद्दाः सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धिकरण।

यसमा अभियोग पत्रसाथ उपस्थित गराइएका प्रतिवादीहरु छविलाल जोशी रवि लामिछाने लिल पछाई रामवहादुर खनाल र कृष्णवहादुर गुरुङलाई अभियोगपत्रसाथ उपस्थित हुन आएका र वयानको क्रममा प्रहरीको पत्रसाथ उपस्थित प्रतिवादीहरु मिनादेवी गुरुङ र आरती गुरुङ समेतको प्रतिवादीहरुलाई देहाय वमोजिमको कसूरमा देहाय वमोजिम अभियोग दायर भई पेश हुन आएको देखियो ।

| क्र.स. | नाम | कसूर | सजाय |
|---|---|---|---|
| १ | छविलाल जोशी | सहकारी ऐन, २०७४<br>दफा १२२को देहाय (त)<br>अपचलन गरेको रकम रु. ५,२६,६५०००।-<br><br>सङ्गठित अपराध निवारण ऐन, २०७०<br>दफा ३ को उपदफा (१), (२) ,(३)को देहाय (क) र दफा ५<br><br>सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>दफा ३ को उपदफा (१) को देहाय (क)(ख)(ग) ले निषेधित कार्य गरि गराई | सहकारी ऐन, २०७४<br>दफा १२४ को उपदफा को खण्ड (घ) (६) वमो सजाय र ऐ (घ) वमो जरिवाना<br><br>सङ्गठित अपराध निवारण २०७०<br>दफा ९ (क) ,(ग)<br><br>सम्पत्ति शुद्धिकरण नि |



Scanned with CamScanner
CamScanner

| | | | |
|---|---|---|---|
| | | सोही दफाको उपदफा (३) | ऐन, २०६४<br>बिगो-<br>रु.२४,६७,०७,०३४।-<br>दफा ३० (१)<br>दफा ३४(१) र (२) |
| २ | लिला पछाई | सहकारी ऐन, २०७४<br>दफा १२२को देहाय (त)<br>अपचलन गरेको रकम रु. २,२४,७५,८००।-<br><br>सङ्गठित अपराध निवारण ऐन, २०७०<br>दफा ३ को उपदफा (१), (२) ,(३)को देहाय (क) र दफा ५<br><br>नेपाल राष्ट्र बैंक ऐन, २०५८<br>दफा ९५ (२)<br><br>मुलुकी अपराध संहिता, २०७४<br>दफा ४३ (१)<br><br>सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>दफा ३ को उपदफा (१) को देहाय (क)(ख)(ग) ले निषेधित कार्य गरि गराई सोही दफाको उपदफा (३) | सहकारी ऐन, २०७४<br>दफा १२४ को उपदफा (१) को खण्ड (घ) (६) वमोजिम सजाय र ऐ (घ) वमोजिम जरिवाना<br><br>सङ्गठित अपराध निवारण ऐन, २०७०<br>दफा ९ (क) ,(ग)<br><br>नेपाल राष्ट्र बैंक ऐन, २०५८<br>दफा ९६(१)<br><br>मुलुकी अपराध संहिता, २०७४<br>दफा ४३ (२)<br><br>सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>बिगो-<br>रु.२४,६७,०७,०३४।-<br>दफा ३० (१)<br>दफा ३४(१) |
| ३ | रवि लामिछाने | सहकारी ऐन, २०७४<br>दफा १२२ को देहाय (त)<br>अपचलन गरेको रकम रु. | सहकारी ऐन, २०७४<br>दफा १२४ को उपदफा (१<br>को खण्ड (घ) (६) वमोजि |



Scanned with CamScanner
CamScanner

| | | | |
|---|---|---|---|
| | | ३,३७,६५,०००।–<br><br>सङ्गठित अपराध निवारण ऐन, २०७०<br>दफा ३ को उपदफा (१), (२) ,(३)को देहाय (क) र दफा ५<br><br>सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>दफा ३ को उपदफा (१) को देहाय (क)(ख)(ग) ले निषेधित कार्य गरि गराई सोही दफाको उपदफा (३) | सजाय र ऐ (घ) वमोजिम जरिवाना<br><br>सङ्गठित अपराध निवारण ऐन, २०७०<br>दफा ९ (क) ,(ग)<br><br>सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>विगो- रु. २७,८९,४४,७०५।-<br>दफा ३० (१)<br>दफा ३४(१) र (२) |
| ४ | राम बाहदुर खनाल | सहकारी ऐन, २०७४<br>दफा १२२ को देहाय (त)<br>अपचलन गरेको रकम रु. ३,९७,१७,४४४।–<br><br>सङ्गठित अपराध निवारण ऐन, २०७०<br>दफा ३ को उपदफा (१), (२) ,(३)को देहाय (क) र दफा ५<br><br>सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>दफा ३ को उपदफा (१) को देहाय (क)(ख)(ग) ले निषेधित कार्य गरि गराई सोही उपदफा (३) | सहकारी ऐन, २०७४<br>दफा १२४ को उपदफा (१) को खण्ड (घ) (६) वमोजिम सजाय र ऐ (घ) वमोजिम जरिवाना<br><br>सङ्गठित अपराध निवारण ऐन २०७०<br>दफा ९ (क) ,(ग)<br><br>सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>विगो- रु १४,३०,९१,९९९.२५<br>दफा ३० (१)<br>दफा ३४(१) |
| ५ | कृष्ण वहादुर | सहकारी ऐन, २०७४<br>दफा १२२ को देहाय | सहकारी ऐन, २०७४ |



Scanned with CamScanner
CamScanner

| | | | |
|---|---|---|---|
| | गुरुङ | (घ),(ङ),(च),(छ),(ज),(झ),(ञ),(ट),(ण) र (त) | दफा १२४ को उपदफा (१ को खण्ड (घ) (६) वमोजिम सजाय र ऐ (घ) वमोजिम जरिवाना<br><br>**कैद छुटः**<br>जेष्ठ नागरिक सम्वन्धी ऐ २०७३<br>दफा १२ (१) को देहाय (ग |
| ६ | मिना गुरुङ | सहकारी ऐन, २०७४<br>दफा १२२ को देहाय (घ),(ङ),(च),(छ),(ज),(झ),(ञ),(ट),(ण) र (त) | सहकारी ऐन, २०७४<br>दफा १२४ को उपदफा (<br>को खण्ड (घ) (६) वमोजि<br>सजाय र ऐ (घ) वमोजि<br>जरिवाना |
| ७ | आरती गुरुङ | सहकारी ऐन, २०७४<br>दफा १२२ को देहाय (घ),(ङ),(च),(छ),(ज),(झ),(ञ),(ट),(ण) र (त) | सहकारी ऐन, २०७४<br>दफा १२४ को उपदफा (<br>को खण्ड (घ) (६) वमो<br>सजाय र ऐ (घ) वमो<br>जरिवाना |

उल्लेखित अभियोग लगाई उपस्थित गराइएका प्रतिवादीहरुको वयान कार्य सम्पन्न भई थुनछेव प्रयोजनको लागी वादी नेपाल सरकारको तर्फवाट महान्यायाधिवक्ताको कार्यालयवाट उपस्थित विद्वा नायव महान्यायधिवक्ता श्री संजिव राज रेग्मी,सोही कार्यालयवाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्र प्रकाश गौतम,उच्च सरकारी वकिल कार्यालय पोखरावाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्र गोविन्दराज गौली र जिल्ला सरकारी वकिल कार्यालय कास्किवाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्त श्री कमला काफ्ले तथा विद्वान सहायक न्यायाधिवक्ताहरु श्री विपिनराज तिवारी श्री शान्तिदेवी शर्मा श्री सुजता पौडलले प्रस्तुत गर्नुभएको वहस समेत सुनियो ।त्यस्तै गरी जाहेरवालाहरुको तर्फव उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु डा. श्री सुरेन्द्र भण्डारी, श्री दिनेश त्रिपाठी, श्री दिपक वास्तोला. फडिन्द्रराज कोइराला, श्री नारायण प्रसाद शर्मा तथा विद्वान अधिवक्ताहरु श्री राम घिमिरे, श्री कपिलम



Scanned with CamScanner
CamScanner
CamScanner

दाहाल, श्री दयाराम गौतम, श्री भगवती पहारी, श्री रमण कुमार कर्ण, श्री हरिप्रसाद कटेल, श्री युवराज पराजुली, श्री पुष्पप्रसाद पराजुली, श्री  शंकर सैजु र श्री वेदवहादुर विष्ट समेतले प्रस्तुत गर्नुभएको वहस समेत सुनियो ।

प्रतिवादीहरुमध्ये छविलाल जोशीको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा जगन्नाथ ढकाल र विद्वान अधिवक्ताहरु श्री अपूर्व खतिवडा डिलमाया भुजेल समेतले प्रस्तुत गर्नुभएको वहस समेत सुनियो ।त्यस्तै प्रतिवादी लिला पछाइको तर्फवाट उपस्थित विद्वान अधिवक्ता डा.श्री गणेश वहादुर भट्टराईले प्रस्तुत गर्नुभएको वहस सुनियो । त्यस्तै प्रतिवादी रवि लामिछानेको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शुशिल कुमार पन्त, श्री नारायण घिमिरे, श्री रमणकुमार श्रेष्ठ, श्री ध्रुवलाल श्रेष्ठ श्री सुरेन्द्र थापा, श्री हरि सुवेदी र श्री रोहितराज वास्तोला एवं अधिवक्ताहरु डा श्री नारायणदत्त कडेल, श्री राजेन्द्र सेढाई, श्री सुरज वस्नेत, श्री गोविन्द प्रसाद अधिकारी, श्री कमल प्रसाद पोखरेल, श्री हेमराज पोखरेल उपाध्याय, श्री इश्वरी पौडेल, श्री सुधिज्ञ पन्त, श्री सुनिता राउत, श्री यज्ञमणी न्यौपाने, श्री रेनुका सिटौला, श्री मधु चौलागाई, श्री दण्डपानी अधिकारी,श्री कमल पौडेल श्री युवराज कोइराला, श्री संजिव गोले र श्री रमेश गिरी समेतले प्रस्तुत गर्नुभएको तर्कपुर्ण वहस समेत सुनियो ।प्रतिवादी रामवहादुर खनालको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री विष्णुप्रसाद शर्मा एवं अधिवक्ताहरु श्री विरेन्द्र के.सी श्री उज्ज्वल शंकर सापकोटा र श्री मोहनवहादुर थापाले गर्नुभएको वहस समेत सुनियो । त्यस्तै प्रतिवादीहरु कृष्णवहादुर गुरुङको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरि सुवेदी अधिवक्ता श्री गंगा प्रसाद सुवेदीले गर्नुभएको वहस,प्रतिवादी मिना गुरुङ र आरती गुरुङको तर्फवाट उपस्थित वरिष्ठ अधिवक्ता श्री सुरेन्द्रवहादुर थापा र अधिवक्तात्रय श्री विष्णुप्रसाद लम्साल, श्री कृष्णकुमार श्रेष्ठ र श्री मनोज घर्ती मगर समेतले प्रस्तुत गर्नुभएको तर्कपुर्ण वहस समेत सुनियो ।

मिसिल संलग्न रहेका कागजातहरुमा सूर्यदर्शन सहकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरामा  भएको रकम अपचलन सम्वन्धमा पुरक अनुसन्धान गरी पाउँभन्ने समेत व्यहोराको उजुरी मिति २०८०।१०।१६ गते सूर्यदर्शन पीडित सङ्घर्ष समितिले पेस गरेको उजुरी, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट कानून विपरित विभिन्न गैर व्यक्ति, कम्पनी र सहकारी संस्थाहरूमा रकम लगी सहकारीको बचत रकम अपचलन गरेका हुँदा यसरी सहकारीको रकम ठगी गर्ने कार्यमा संलग्न रवि लामिछाने, ज्ञान बहादुर बम्जन, नेत्रपाणी बास्तोला, दिपेश कुमार पुन, गोर्खा मिडिया नेटवर्क प्रा.लि. काठमाडौं, नेचर हर्व्स प्रा.लि. काठमाडौं, वारिसान इन्फमेसन टेक्नोलोजी काठमाडौं, स्प्रिङउड रियल स्टेट एण्ड हाउजिङ प्रा.लि. काठमाडौं, चेनी क्यापिटल प्रा.लि. काठमाडौं, ग्रीजी स्पुन प्रा.लि. काठमाडौं, गोर्खा ग्रुप इन्भेष्टमेण्ट प्रा.लि. काठमाडौं, स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. काठमाडौं, सानो पाइला बचत तथा ऋण सहकारी बिरगंज, साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था

लि. चितवन, नेचर नेष्ट प्रा.लि. काठमाडौं, सुप्रिम बचत तथा ऋण सहकारी बुटवल, जि.वि. ग्रुफ अफ कम्पनी प्रा.लि. काठमाडौं, गोरखा आयुर्वेद प्रा.लि. काठमाडौं लाई समेत कारवाही गरी हामी वचतकर्ताहरू मध्ये गोविन्द प्रसाद अधिकारीको रु.३,०५,५२०.०० (तिन लाख पाँच हजार पाँच सय विस रूपैयाँ) र रमेश वाईवाको रु. २७,४६७.०० (सत्ताईस हजार चार सय सतसठ्ठी रूपैयाँ) प्रतिवादीहरूवाट फिर्ता दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०८०।१०।२२गते प्राप्त कृष्ण प्रसाद जैसी समेत २५जनाले पेर्स गरेको पुरक जाहेरी दरखास्त रहेको देखिन्छ ।

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तीय स्थितिको विश्लेषणात्मक पुरक अनुसन्धान गर्नको लागि उक्त सहकारीमा जडान रहेको GCS Banking सर्भर तथा सफ्टवेयरको वित्तीय विष्लेषण गर्ने क्रममा स्थापनाकाल देखि सहकारी ऐन नियमावली, नियमनकारी निकायले विभिन्न मितिमा जारी निर्देशन अनुरूप सञ्चालन भएको उपलब्ध कागजातहरूबाट पुष्टी नभएको, सहकारी ऐन नियमावली, निर्देशन तथा संस्थाको स्विकृत विनियम अनुसार करोवार नगरी सञ्चालक तथा अन्य व्यक्तिका कृत्रिम कर्जा मार्फत दुरुपयोग गरेको पाइएको, संस्थाले गैर कानूनी तवरबाट अन्तर सहकारीबीच कारोबार गर्ने लगायत विभिन्न कम्पनीहरूमा रकम लगानी गरेको, कानून विपरित हुने गरी कर्जाको पाउन बाँकी व्याजलाई कृत्रिम आम्दानी देखाई सो व्याजलाई पुजिकृत (नउठेको व्याजलाई साँवामाजोड्ने) कार्य गरेको, संस्था समस्याग्रस्त भए पश्चात शेयर रकमलाई फिर्ता गरी कर्जा खातामा मिलान गरी आफ्नो र आफ्ना आफन्तको शेयर रकम फिर्ता गर्ने, नियम विपरित व्यक्तिगत रूपमा रकम दुरुपयोग गर्ने, फर्जी ऋण, पेश्की रकम तथा कृत्रिम नाफा देखाई रकम अपचलन गर्ने, बचत रकम नभएको बचत खातामा ब्याज खर्च लेखाङ्कन गरी आफूखुसी रूपमा मास्ने, फर्जी ऋण खडा गरी सो रकमलाई आम्दानी बाध्ने, बिल विनाको खर्च लेखाङ्कन गरी खर्च देखाउने, बाडफाँड गर्न नमिल्ने जगेडा कोषबाट रकम निकासी गरी खर्च गर्ने वा लाभांश बाडफाँड गर्ने जस्ता कानून विपरितको कार्य गर्दा सहकारीमा रहेको शेयर तथा वचत रकम, विभिन्न कोषहरूमा रहेका रकम हिनामिना एवम् अपचलन भएकोमा उक्त रकम हिनामिना एवम् अपचलन गर्ने कार्य स्थापनाकाल देखिका सञ्चालक समितिका अध्यक्ष, निर्णयमा संलग्न पदाधिकारी एवम् सञ्चालक, ऋण उपसमितिका संयोजक एवम् सदस्य र मुख्य जिम्मेवार कर्मचारीहरू समेत जवाहीदेही हुनुपर्छ भनि खुलाई वित्तीय अनुसन्धान कर्ता एफ सि ए/अनिल लामिछाने र पोखरा महानगरपालिका सहकारी समितिको विज्ञ सदस्य/सहजकर्ता दिपक प्रकाश आचार्यले मिति २०८१।०१।२६ गते पेस गरेको वित्तीय विष्लेषण प्रतिवेदन रहेको देखिन्छ ।

यस इजलास समक्ष वयानको क्रममा केही प्रतिवादीहरुले यस मुद्दा सम्बन्धी उठाएका हदम्यादको विषय तथा सोही विषयलाई प्रतिवादी तर्फका विद्वान कानून व्यवसायीहरुले समेत उठाउनु भएकोमा वादी नेपाल सरकारको तर्फबाट भएको बहस समेत सुनी विचार गर्दा, प्रस्तुत मुद्दा यसै



Scanned with CamScanner
CamScanner

अदालतमा मिति २०८०।०६।१८ मा दायर भएको सूर्य दर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा सहकारी ठगी सम्वन्धी मुद्दा (मुद्दा नं. ०८०-८१-०४२६) सँग सम्वन्धित मुद्दा रहेको र मिति २०८०।०६।१८ को उक्त मुद्दामा गितेन्द्र बाबु राई लगायत १९ जनालाई मुद्दा दायर भएको र अन्य संलग्नको हकमा थप खुली आएको बखत प्रतिवादीहरु उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप अभियोग पत्र पेश गर्ने समेत मागदावी लिएको देखिएको र मिति २०८१।०९।०५ मा थप अभियोगपत्र दायर भएको र प्रस्तुत प्रतिवादीहरु समेत रहेको यस मुद्दा मिति २०८१।०९।०७ मा पुरक अभियोगको रुपमा पेश भएको देखिएको तथा मिति २०८०।०६।१८ को मुल मुद्दा सहकारी ऐन, २०७४ को दफा १३२ बमोजिम हदम्याद भित्र रही उक्त मुद्दा कारवाहीकै क्रममा रहेको समेत देखिएको हुँदा उक्त मुल मुद्दाको पुरकको रुपमा दायर भएको प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ समेतको आधारमा हदम्याद रहेको देखिन आयो ।

अब थुनछेक तर्फ विचार गर्दा, यी प्रतिवादीहरुसमेत उपर परेको जाहेरवालाहरुको जाहेरी, प्रहरी प्रतिवेदन, वित्तीय विश्लेषकहरुको राय, सुरु अभियोगपत्र साथ उपस्थित भएका प्रतिवादीहरुको बयान, प्रतिवादी छविलाल जोशीले भाडामा दिएको नेचर हर्वस इन्टरनेसनल लि. को कार्यालय रहेको स्थानवाट प्राप्त सर्भर, नेचर हर्वस इन्टरनेसनल लि. तथा गोर्खा मिडिया कम्पनीको प्रबन्धपत्र, नियमावली, शेयर लगत, अडिट रिपोर्ट, विभिन्न मितिमा काटिएका चेकहरु, बैंक स्टेटमेन्ट, घटना विवरण कागज गर्ने संजय अधिकारीसमेतका व्यक्तिहरुको भनाई, प्रतिवादीहरुको अनुसान्धान अधिकारीसमक्ष भएको बयान समेतका तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी मध्येका प्रतिवादी **छविलाल जोशी**को हकमा हेर्दा, निज प्रतिवादीलाई माथि प्रकरणमा उल्लिखित सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धिकरण सम्बन्धी अभियोग लागेको देखिएकोमा निज प्रतिवादीले मौकामा तथा यस इजलास समक्ष बयान गर्दा नेचर हर्वस इन्टेनेशनल लि. र गोर्खा मिडिया प्रा.लि. मा संस्थापक शेयरधनी भएपनि सो संस्थामा कहाँबाट कसरी रकम आएको थियो भन्ने विषयमा फरार प्रतिवादी तथा उक्त कम्पनीका अर्का संस्थापक शेयरधनी गितेन्द्रबाबु राईलाई नै थाहा भएको, आफूले सो विषयमा जानकारी लिने दायित्व नरहेको, आफ्नी श्रीमतीको नाममा रहेको काठमाडौं शंखमुलको घर नेचर हर्वस इन्टेनेशनल लि. ले पहिलेदेखि नै भाडामा लिएको र उक्त कम्पनीकै प्रयोजनार्थ सो घरमा रिनोभेसनको कार्य भएको र आफूले सरकारी सेवाबाट तथा विभिन्न समयमा यु.एन मिसनमा गएको पारिश्रामिकवाट आर्जन गरेको सम्पत्तिबाट हालसम्मको सम्पत्ति आर्जन गरेको भन्ने बयान रहेको देखिएतापनि निज प्रतिवादी नेचर हर्वस इन्टेनेशनल लि. मा केही समय संस्थापक सदस्य रहेको तथा गोर्खा मिडिया प्रा.लि. मा करिब १ वर्ष संस्थापक शेयरधनी रहेकोमा विवाद देखिदैन। निजले विगत लामो समय देखि नजिकको सम्बन्ध रहेको अर्का प्रतिवादी रामबहादुर खनाललाई कर्मचारीको रुपमा देखाई पेश्की रकम लिई सो मध्ये रु. १०,००,०००।– रामवहादुर खनालले नेचर हर्वसका शेयरधनी छबिलाल जोशीको नाममा रहेको नविल बैंकको खातामा जम्मा गरेको

र सो रकम पुनः सहारा वचत तथा ऋण सहकारीमा रकमान्तर गरेको, मिति २०७७।१०।०५ गते सूर्यदर्शन सहकारीवाट जि.वी. राईको नाममा रहेको स्टयान्डर्ड चार्टर्ड वैंकको खातामा रु. २,००,००,०००।– जम्मा भएको, सोही खातावाट रु. १,७५,००,०००।– छविलाल जोशीको नविल वैंकको खातामा जम्मा भएको र सोही खाताबाट उक्त रकम गोरखा मिडियाको ग्लोवल आईएमईको खातामा जम्मा गरेको, सूर्यदर्शन वचत तथा ऋण सहकारी संस्थाको गोर्खा फाईनान्स लिमिटेडको खातावाट मिति २०७७।०३।०२ मा १० लाख रुपैयाँ समेतका चेकवाट निज प्रतिवादीको खातामा रकम आएको देखिएको हुँदा सहकारीको रकम निज प्रतिवादीको कार्य मार्फत हस्तानतरण भएको देखिनुका साथै निजको अन्य प्रतिवादीहरुसँग देखिएको अन्तरसम्वन्ध र वैङ्क खाताको ट्रान्जेक्सन समेतका समेतका मिसिल संलग्न तत्काल प्राप्त आधार प्रमाणहरुवाट निज प्रतिवादी अहिले नै कसूरदार रहेनछन् भन्न सकिने मनासिव आधार नदेखिएको र तत्काल प्राप्त माथि उल्लेखित प्रमाणहरुवाट प्रतिवादीलाई पछि थप प्रमाण वुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादी छविलाल जोशीवाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतको आधारमा धरौटी रु. ८८,००,०००।- (अठासी लाख रुपैंया)नगदै वा सो वरावरको जेथा वा वैंक जमानत दिए लिई तारेखमा राख्नु र नदिए वा दिन नसकेमा दफा ८० वमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्न कारागार कार्यालय कास्कीमा पठाइदिनु ।

प्रतिवादी **लिला पछाईको** हकमा विचार गर्दा, निज प्रतिवादीलाई माथि प्रकरणमा उल्लिखित सहकारी ठगी, सङ्गठित अपराध, अभौतिक कारोवार गरेको एवं एकीकृत कसूर र सम्पत्ति शुद्धिकरण सम्वन्धी अभियोग लागेको देखिएकोमा निज प्रतिवादीले मौकामा र यस इजलास समक्ष वयान गर्दा निज यस मुद्दाका फरार प्रतिवादी गितेन्द्र वावु राईको निजी एकाउन्टेन्ट रहेको र निज गितेन्द्र वावु राईले भने अनुसार नै आफ्नो खाताको प्रयोग हुने गरी रकम एउटा खाताबाट अर्को खातामा हाल्ने गरेको, Binance App मा एकाउन्ट खोलेको तर क्रिप्टो करेन्सीको वारे रहेको भन्ने थाहा भएपछी केही कारोवार नगरेको, गितेन्द्र वावु राईले आफूलाई पारिश्रामिक स्वरुप घर जग्गा खरिद गरिदिएको र शेयर कारोवारम लगानी गरेर रकम जम्मा गरेको भन्ने वयान रहेको देखिएतापनि निजको नेपाल वैंक लिमिटेडको खा[illegible]म निज सदस्य नै नरहेको सूर्यदर्शन वचत तथा ऋण सहकारीवाट १ करोड ४० लाख आएको देखिएको सो रकम गितेन्द्र वावु राईको प्राईभेट काममा जम्मा गरिएको हुन्थ्यो र आफूले गितेन्द्र बाबु राईले भन वमोजिम खाताको रकम दिएकी हुन्थें भनी यस इजलास समक्ष बयान गरेको, निजको मोवाइल परीक्षणवाट निजकै मोवाइलवाट अभौतिक मुद्रासम्वन्धी कारोवारको लागि Binance App लग इन भ सोही अकाउन्टवाट अभौतिक मुद्राको लगानी गरेको तथा अन्य प्रतिवादीहरुसंगको अन्तरसम्वन्ध र वै खाताको ट्रान्जेक्सन समेतका तत्काल प्राप्त आधार प्रमाणहरुबाट निज प्रतिवादी अहिले नै कसुरदा



Scanned with CamScanner CamScanner
CS CamScanner

रहेनछन भन्न सकिने मनासिब आधार नदेखिएको र तत्काल प्राप्त माथि उल्लेखित प्रमाणहरुबाट प्रतिवादीलाई पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादी लिला पछाईबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतको आधारमा धरौटी रु. ३७,००,०००।- (सैतिस लाख रुपैंया)नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु र नदिए वा दिन नसकेमा दफा ८० बमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्न कारागार कार्यालय कास्कीमा पठाइदिनु ।

प्रतिवादी **रवि लामिछानेको** हकमा विचार गर्दा,निज प्रतिवादीलाई माथि प्रकरणमा उल्लिखित सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धिकरणको मुद्दामा अभियोग लागेको देखिएकोमायस इजलास समक्ष बयान गर्दा गोर्खा मिडिया प्रा.लि. मा प्रबन्ध निर्देशक भएपनि सो संस्थामा कहाँबाट कसरी रकम आएको थियो भन्ने विषयमा फरार प्रतिवादी तथा उक्त कम्पनीका अर्का संस्थापक शेयरधनी गितेन्द्रबाबु राईलाई नै थाहा भएको, उक्त कम्पनीसँग गरेको सम्झौता अनुसार वित्तीय कारोबारको बारे जानकारी लिने दायित्व नरहेको, चेकमा हस्ताक्षर गर्ने मात्र गरेको, सूर्यदर्शन सहकारीबाट कुनै कर्जा नलिएको भनी बयान गरेको देखिएकोमा निज प्रतिवादीको एकल हस्ताक्षरबाट गोर्खा मिडिया कम्पनीको ८१४ वटा चेकहरुको कारोबार भएको देखिएको, निज प्रतिवादी गोर्खा मिडिया कम्पनीको आधिकारीक व्यक्ति हुनु भन्दा अघि र सो कम्पनीबाट अलग भएपश्चात पनि केही चेकहरुमा हस्ताक्षर गरेको देखिएको र प्रबन्ध निर्देशक जस्तो जिम्मेवार पदमा रही चेकमा हस्ताक्षर गर्ने हैसियत समेत राखेको व्यक्ति रहेको देखिएको, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको नाममा सञ्चालनमा रहेको साबिक मेगा बैंकको खाता नं ०१२०००१००१५१३२ मा भएको कारोवार विवरण अनुसार सन् २०२१-०१-१८ मा चेक नं २०२४८९५३१७ बाट गितेन्द्र बाबु राईको Standard Chartered Bank खाता नं १८२९०३१७२०१ मा रू.२,००,००,०००।- (दुई करोड) जम्मा भएकोमा सोही रकम मध्ये सन् २०२१-०१-२१ मा चेक नं ००११९२८१६८ बाट रवि लामिछानेको नाममा रहेको ग्लोवल आईएमईको खाता नं ३०-७०१०००५९-१३ मा रू.७५,००,०००।– (पचहत्तर लाख) को चेकमार्फत जम्मा भई प्रतिवादी रवि लामिछानेले उक्त रकम गोर्खा मिडिया नेटवर्क प्रा.लि.को नाममा सञ्चालनमा रहेको ग्लोबल आईएमई बैंकको खाता नं ००४०१०१००००५७७ मा सन् २०२१-०१-२२ जम्मा गरेको देखिदा सहकारीको रकम निज प्रतिवादीको खातामा आउने र त्यहाँबाट अन्यत्र जाने कार्य समेत भएको देखिएको तथा अन्य प्रतिवादीहरुसँग देखिएको अन्तरसम्बन्ध र बैङ्क खाताको ट्रान्जेक्सन समेतका मिसिल संलग्न तत्काल प्राप्त आधार प्रमाणहरुबाट निज प्रतिवादी अहिले नै कसुरदार रहेनछन भन्न सकिने मनासिब आधार नदेखिएपनि तत्काल प्राप्त माथि उल्लेखित प्रमाणहरुबाट प्रतिवादीलाई पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादी रवि लामिछानेबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतको आधारमा धरौटी रु.



CamScanner

६५,००,०००।- (पैसठ्ठी लाख रुपैंया)नगदै वा सो वरावरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु र नदिए वा दिन नसकेमा दफा ८० बमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्न कारागार कार्यालय कास्कीमा पठाइदिनु ।

प्रतिवादी **राम बहादुर खनाल**को हकमा विचार गर्दा, निज प्रतिवादीलाई माथि प्रकरणमा उल्लिखित सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धिकरण सम्बन्धी अभियोग लागेको देखिएकोमा म सुर्यदर्शन सहकारीको पदाधिकारी शेयर सदस्य, कर्मचारी पनि होइन र त्यो सहकारीको कुनै पदाधिकारी कर्मचारी र शेयर सदस्य समेतलाई चिनेको छैन, म मिति २०७७।३।२८ गते मेरो छोराको टाउकोमा ट्युमर भएकोले उपचारको लागि काठमाडौं न्युरो हस्पिटलमा भएका बखत मलाई छविलाल जोशी सरले फोन गरी तिम्रो नागरिकताको फोटोकपी र एउटा वैङ्कको चेक लिइ वानेश्वर आउनु भन्नुभएको र पहिलेको हाकिमले वोलाएकोले मेरो स्यालरी एकाउण्ट भएको नेपाल इन्भेष्ट वैङको चेक लिई वानेश्वर गई छविलाल जोशीसँग भेट भई उक्त नागरिकताको प्रतिलिपि र चेक छोडी उहाँले नेपाली कागजमा लेखेको दुई/तिन पाना कागजमा हस्ताक्षर गर्न लगाउनुभएको र उक्त कागजमा मैले केहि नहेरी सहि गरेको थिए। म वाराको सिमरास्थित होटल इच्छामा रहेको स्माइल कलेक्सन प्रा.लि. क्यासिनोमा सुरुमा सेक्युरिटी गार्डको काम र पछी मार्केटिङ र अपरेशन हेर्ने जिम्मा दिएको म उक्त क्यासिनोमा प्रहरी सेवावाट रिटायर्ड भएको एक महिना पछी २०७५ साल देखिनै सो क्यासिनोमा कार्यरत रहेको थिए र वयानको क्रममा आफुलाई छविलाल जोशीले प्रयोग गरेको भनिं खुलाएको र मैले अहिलेसम्म गितेन्द्र वावु राइ र कुमार रम्तेललाई नदेखेको भनि वयान गरेतापनि मिसिल संलग्न रहेको नेचर हव्सको मिति २०७७।३।२६ गते बसेको सञ्चालक तथा शेयरधनीको वैठकमा जि.वि.राई,कुमार रम्तेल र यी प्रतिवादी वैठकमा वसि सहिछाप भएको देखिएको साथै निज दश प्रतिशत शेयरधनि भएको भन्ने देखिएको र निज शेयरधनी भएको अवधीमा सुर्यदर्शन सहकारीवाट नेचरहव्समा रकम गएको देखिनुका साथै निजको अन्य प्रतिवादीसँग देखिएको अन्तरसम्बन्ध र वैङ्क खाताको ट्रान्जेक्सन समेतका मिसिल संलग्न तत्काल प्राप्त आधार प्रमाणहरुबाट निज प्रतिवादी अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिव आधार नदेखिएपनि तत्काल प्राप्त माथि उल्लेखित प्रमाणहरुवाट प्रतिवादीलाई पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादी रामवहादुर खनालवाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतको आधारमा धरौटी रु.१५,००,०००।- (पन्ध्र लाख रुपैंया)नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु र नदिए वा दिन नसकेमा दफा ८० बमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्न कारागार कार्यालय कास्कीमा पठाइदिनु ।

प्रतिवादी **कृष्ण बहादुर गुरुङ**को हकमा विचार गर्दा, निज प्रतिवादीलाई माथि प्रकरणमा उल्लिखित सहकारी ठगी सम्बन्धी अभियोग लागेको देखिएकोमा म भू.पू ब्रिटिस आर्मी रहेकोमा नेपाल आएको वेला



Scanned with CamScanner
CamScanner

सहकारीमा रकम लगानी गर्नुस, तपाईहरुको रकम सुरक्षित हुन्छ भनि भनेकाले कम्तिमा पनि रु.२५,०००।– (पच्चिस हजार) रकम राखुस भनि अनुरोध गरेकोले मैले केवल रु.२५,०००।– रकम राजेश गुरुङलाई दिई निजले मलाई एउटा पैसा बुझाएको सुर्यदर्शन सहकारीको स्लिप दिई केही साईन गराएको र पछी म २०१० को मे महिनामा बेलायत गएको थिए र करिव १३ महिना बेलायत बसी २०१३ को जुन महिनाको पहिलो हप्ता नेपाल आएको रिसिप्ट लिई मेरो रकम रु. २५,०००।– फिर्ता लिएको हुँ। त्यसपछी म उक्त सहकारीमा कहिले पनि नगएको र म उक्त सहकारीको संचालक समितिमा रहेको संमेत जानकारी नभएको र मैले सहकारी संस्थाका बचतकर्ताहरुको कुनै पनि रकम हिनामिना नगरेको भनी इन्कारी बयान गरेको देखिएतापनि आफूलाई प्रक्रिया नपुर्याई कर्जा दिएकोले हालसम्म फिर्ता नभएको रु.५३,७६,३०८।२२ को सम्बन्धमा सामुहिक जिम्मेवारीको हिसावले मेरो पेन्सनवाट आउने रकमबाट एक दुई लाख सहयोग गर्न तयार छु भनी उल्लेख गरेतापनि निजप्रतिवादी मिति २०६५।३।१ को तदर्थ समिति मा सचिव र मिति २०६५।५।२७ को पहिलो वैठकमा सदस्य रहेको देखिएको हुँदा निज प्रतिवादी अहिले नै बेकसूर रहेछन भन्न सकिने मनासिब आधार नदेखिएपनि निज प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामै राख्नुपर्नेसम्मको अवस्था हाल नदेखिएको तथा परेमा आफ्नो पेन्सनबाट आउने रकमबाट समेत सहयोग गर्ने प्रतिवद्धता वयानमा गरेको देखिनुका साथै निजको विषयमा जेष्ठ नागरिक ऐन, २०७३ को दफा १२ बमोजिम कैद छुट समेतको मागदावी रहेकोमा निज ७८ वर्षको वृद्ध तथा निजको शारीरिक अवस्थासमेतलाई विचार गर्दा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादी कृष्ण बहादुर गुरुङलाईमुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ तथा परेमा सामुहिक जिम्मेवारीको हिसाबले रकम बुझाउने प्रतिवद्धता वयानमा गरेको देखिनुका समेतको आधारमा धरौटी रु.१,००,०००।- (एक लाख रुपैंया)नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु र नदिए वा दिन नसकेमा नसकेमा दफा ८० बमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्न कारागार कार्यालय कास्कीमा पठाइदिनु ।

प्रतिवादी मिना गुरुङको हकमा विचार गर्दा, निज प्रतिवादीलाई माथि प्रकरणमा उल्लिखित सहकारी ठगी सम्बन्धी अभियोग लागेको देखिएकोमाम तदर्थ समितिको अध्यक्ष पदमा रहेको र पछी सहकारीको गठन पश्चात उपाध्यक्ष पदमा राखि दिएको तथा म सहकारीबाट छोड्दा मेरो १ लाखको शेयर रहेकोमा म निस्किए पछी मेरो शेयर फिर्ता दिदा गितेन्द्र बाबु राईबाट लिएको हुँ। मलाई उपाध्यक्ष रहदा यही काम हो भनेर तोकिएको थिएन। सहकारी गठन भएको ३-४ महिना भित्र कार्य समिति भित्र र सहकारीको डिभिजन कार्यालयमा पेशगरेको थिए । मैले संस्थाको आर्थिक कारोवार हुने कुनै पनि माईनुटमा सहिछाप नगरेको र सहकारी संस्थाका बचतकर्ताहरुको कुनै पनि रकम हिनामिना नगरेको भनी इन्कारी वयान गरेको देखिएतापनि आफूलाई प्रक्रिया नपुर्याई कर्जा दिएकोले हालसम्म फिर्ता नभएको रु.५३,७६,३०८।२२ को सम्बन्धमा सामुहिक जिम्मेवारीको हिसावले उक्त रुपैयाको हकमा



Scanned with CamScanner CamScanner
CamScanner

मेरो भागमा पर्न आउने रकम तिरी सहकारी पिडितलाई राहत हुन्छ भने म सो रकम तिर्न बुझाउन मन्जुर छु भनी उल्लेख गरेको देखिएपनि निजप्रतिवादी मिति २०६५।३।१ को तदर्थ समिति मा अध्यक्ष र मिति २०६५।५।२७ को पहिलो वैठकमा निज प्रतिवादी उपाध्यक्ष्य रहेको देखिएको र सो वखत प्रक्रिया नपुर्‍याई कर्जा दिएकोले हालसम्म फिर्ता नभएको भन्ने तत्काल वुझिएको तत्काल प्राप्त प्रमाणवाट निज प्रतिवादी अहिले नै वेकसूर रहेछन भन्न सकिने मनासिब आधार नदेखिएपनि निज प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामै राख्नुपर्नेसम्मको अवस्था हाल नदेखिएको र परेमा सामुहिक जिम्मेवारीमा पर्ने रकम दिने प्रतिवद्धता वयानमा गरेको देखिएकोले पछि थंप प्रमाण बुझ्दै जाँदा ठहरेवमोजिम हुने नै हुँदा निज प्रतिवादी मिना गुरुङबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ तथा परेमा सामुहिक जिम्मेवारीको हिसाबले रकम बुझाउने प्रतिवद्धता वयानमा गरेको देखिनुका समेतको आधारमा धरौटी रु. ५,००,०००।- (पाँच लाख रुपैंया)नगदै वा सो वराबरको जेथा वा वैंक जमानत दिए लिई तारेखमा राख्नु र नदिए वा दिन नसकेमा दफा ८० बमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्न कारागार कार्यालय कास्कीमा पठाइदिनु ।

प्रतिवादी **आरती गुरुङ**को हकमा विचार गर्दा, निज प्रतिवादीलाई माथि प्रकरणमा उल्लिखित सहकारी ठगी सम्बन्धी अभियोग लागेको देखिएकोमावृटिश गोर्खा ग्रुपले हामीलाई सहकारी खोल्नको लागी कार्यसमितिमा वसिदिनुपर्‍यो भनेकाले मिना गुरुङ र म समेत भई उक्त सुर्यदर्शन सहकारीको कार्यसमितिमा राखेका हुन् ।ज्ञानवहादुर वम्जन लगायतले हामीलाई सुर्यदर्शन सहकारीको कार्यसमितिमा राख्नुभएको हो । म समेत कार्यसमितिमा रहेपनि मैले कुनै कुरा वुझ्न पाएकी थिइन । सहकारीमा रहदा गितेन्द्र वावु राइलाई चिनेकी थिए। म कोषाध्यक्ष भएको र सो अवस्थामा म कोषाध्यक्ष भएपनि आर्थिक कारोवार यी गितेन्द्र वावु राईले गर्ने गरेको र मसंग सल्लाह नगरी ऋण लगानी गर्ने गरेकोले मैले वारवार रोक्ने गर्दथे ।मैले राजिनामा दिंदाको बखत यस संस्थाको रकमको जिम्मेवारी म छु भनि मलाई निज गितेन्द्र वावु राईले दिएको कागजको फोटोकपी मैले यसै वयान साथ पेश गरेकी छु भनी उल्लेख गरेतापनि निजप्रतिवादी मिति २०६५।३।१ को तदर्थ समिति, मिति २०६५।५।२७ को पहिलो वैठक र मिति २०६८।८।१७ को चौथो वैठकमा कोषाध्यक्ष रहेको देखिएको र निज कोषाध्य रहदा प्रक्रिया नपुर्याई कर्जा दिएकोले हालसम्म फिर्ता नभएको भन्ने तत्काल प्राप्त प्रमाणवाट देखिंदा नि प्रतिवादी अहिले नै वेकसूर रहेछन भन्न सकिने मनासिब आधार नदेखिएपनि निज प्रतिवादीलाई मुद्द पुर्पक्षको लागि थुनामै राख्नुपर्नेसम्मको अवस्था हाल नदेखिएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहर वमोजिम हुने नै हुँदा निज प्रतिवादी आरती गुरुङबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ क दफा ६८ र ७२ समेतको आधारमा धरौटी रु.५,००,०००।- (पाँच लाख रुपैयाँ)नगदै वा सो वराबरक जेथा वा वैंक जमानत दिए लिई तारेखमा राख्नु र नदिए वा दिन नसकेमा दफा ८० बमोजिमको थुनुव



Scanned with CamScanner CamScanner

पुर्जि दिई थुनामा राख्न कारागार कार्यालय कास्कीमा पठाइदिनु भनी दफा ७९ वमोजिम यो आदेश पर्चा गरिदिएको छ।

साथै अभियोगपत्रसाथ पेश दाखेल हुन आएका दशिका सामानहरु जिन्सीमा आम्दानी बाँध्नु र अभियोगपत्रमा उल्लेखित अन्य प्रतिवादीहरुका नाउँमा कानून वमोजिमको म्याद जारी गर्नु ।

२०८१।०९।२४

न्यायाधीश

आदेश सुनि सहि गर्ने:-

प्र.छविलाल जोशी प्र.लिला पछाई प्र. रवि लामिछाने

प्र.रामवहादुर खनाल प्र.कृष्णवहादुर गुरुङ प्र.मिना गुरुङ

प्र.आरती गुरुङ

इति संवत २०८१ साल पौष महिना २४ गते रोज ५ शुभम्........................................



Scanned with CamScanner
CamScanner